मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रोयल इनफिल्डको नयाँ मोडल (गुरिल्ला) हेटौंडामा सार्वजनिक

हेटौंडा, २८ बैशाख/ओम् अटोमोवाइल्स हेटौंडाले रोयल इन्फिल्डको नयाँ सडकयात्रामुखी मोटरसाइकल 'गुरिल्ला ४५०' हेटौंडामा सार्वजनिक गरेको छ । सोमबार आयोजित कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक बच्चुराम फुँयाल, हेटौंडा इन्फिल्डरस मकवानपुरका अध्यक्ष रजक शाही, ओम अटोमोवाइल्स हेटौंडाका प्रोफाइटर दिलीशगोविन्द जोशी र प्रबन्धनिर्देशक दिविश जोशीलगायतको उपस्थितिमा मोटरसाइकल सार्वजनिक गरिएको हो । कम्पनीले दैनिक सहरयात्रा, घुमाउरा सडक तथा लामो दूरीको यात्रालाई लक्षित गर्दै यो मोटरसाइकल नेपाली बजारमा ल्याएको जनाएको छ । कम्पनीकाअनुसार गुरिल्ला ४५० तीन प्रकारमा उपलब्ध हुनेछ । यसले ८ हजार आरपीएममा ४० पीएस शक्ति तथा ५ हजार ५ सय आरपीएममा ४० एनएम टर्क उत्पादन गर्ने कम्पनीले जनाएको छ । मोटरसाइकलमा ६ गियर, सहायक तथा स्लिपक्लच, विद्युतीय नियन्त्रण प्रणाली, दुई प्रकारका सवारी सञ्चालन अवस्था, एलईडी बत्ती, डिजिटल सूचना प्रदर्शन प्रणाली तथा मोवाइल जडान सुविधा समावेश गरिएको छ ।

### सार्वजनिक सेवाप्रवाह सुधारलाई अभियानको रुपमा अघि बढाइने

# सरकारको नीति तथा कार्यक्रम सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २८ बैशाख/ सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । सोमबार बसेको संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् ।

राष्ट्रपति पौडेलले सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशीलाको रुपमा ग्रहण गर्दै अघि बढाउने बताएका छन् । सरकारले भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलता, सार्वजनिक सेवाप्रवाहमा सुधार, आर्थिक पुनर्उत्थान र सामाजिक उन्नतिलाई अभियानको रुपमा अघि बढाउने उनले उल्लेख गरे । राष्ट्रपति पौडेलले सबै वर्ग, क्षेत्र र समूदायको समान अपनत्व सुनिश्चित हुनेगरी राजनीतिक दलहरुसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी संविधान संशोधन बहसपत्र तयार गरिने पनि बताए ।



सरकारले आगामी आर्थिक वर्ष समस्याग्रस्त सहकारी संस्थामा जनताले जम्मा गरेको बचत एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी फिर्ता गर्ने घोषणा गरेको छ । त्यस्तो कोषमा सहकारीको कर्जा अशुली गरी जम्मा गर्ने र त्यो रकम बचतफिर्ताका लागि प्रयोग गरिने घोषणा सरकारले गरेको हो । सरकारले अहिले नै समस्याग्रस्त सहकारीको बचत फिर्ता गर्न रिभल्भिङ कोष स्थापना गरिसकेको छ । यो कोषमा सरकारले बीऊ पुँजीकारुपमा २५ करोड रुपैयाँ विनियोजन गरेको छ । कोषमा समस्याग्रस्त सहकारीको कर्जा अशुलीको रकम तथा सम्पत्ति विक्रीको पैसा सम्मा गर्ने व्यवस्था गरिएको छ ।

सरकारले सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको सुदृढीकरण गरिने घोषणा पनि राष्ट्रपति पौडेलले संसदका संयुक्त सभामा घोषणा गरेको नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले अब आयोजना प्रभावित नागरिकलाई मुआब्जाको सट्टा सेयर लगानीको विकल्प प्रदान गर्ने नीति लिएको छ ।

अगामी दशकमा ३० हजार मेगावाट विद्युत उत्पादन लक्ष्य हासिल गर्न उर्जा, वन, भूमि र वातावरणसम्बन्धी कानून परिमार्जन गरी एकद्वारप्रणाली लागू गरिने राष्ट्रपति पौडेलले बताए । उनले विद्युत उत्पादन, वितरण, प्रशारण र व्यापारमा निजीक्षेत्रको सहभागिता सुनिश्चित गरिने बताएका छन् ।

उनकाअनुसार उर्जामा आधारित उद्योग प्रवर्द्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गर्ने सरकारको लक्ष्य रहेको छ । राष्ट्रपति पौडेलले अन्तरदेशीय उर्जा व्यापार सम्झौतालाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाइने पनि बताए । सरकारले देशैभर आधारभूत स्वास्थ्यसेवामा न्युनतम मापदण्ड लागू गर्दै आवश्यक जनशक्ति, औषधि, उपकरण र पूर्वाधारसहितको एकीकृत सेवा मोडल कार्यान्वयन गर्ने घोषणा गरेको छ । नागरिकलाई लागत प्रभावकारी स्वास्थ्यसेवा उपलब्ध गराउन स्थानीय तहका आधारभूत अस्पतालसम्मको पहुँच सुनिश्चित गरिने नीतिमा उल्लेख छ ।

सामुदायिक स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेवकको क्षमता तथा सेवाको दायरालाई थप विस्तार गरिनेछ । स्वास्थ्यसेवालाई थप व्यवस्थित बनाउन सरकारले स्वास्थ्य बीमा कार्यक्रमको पुनर्संरचना गर्ने भएको छ । स्वास्थ्यसेवाको गुणस्तर सुनिश्चित गर्न 'राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण' र रोग निगरानी तथा नियन्त्रणका लागि 'सेन्टर फर डिजिज कन्ट्रोल (सीडीसी)' स्थापना गरिने कार्यक्रममा समेटिएको छ । संघीय तहमा जैविक अध्ययन, जनस्वास्थ्य अनुसन्धान र महामारी नियन्त्रणका लागि 'राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला' स्थापना गर्ने लक्ष्य सरकारले लिएको छ ।

दुर्गमक्षेत्रका नागरिकलाई विशेषज्ञ परामर्श सेवा उपलब्ध गराउन 'टेलि-हेल्थ प्लेटफर्म' सञ्चालनमा ल्याइने भएको छ । क्यान्सरजस्ता नसर्ने रोगको नियन्त्रणका लागि उपचारभन्दा रोकथाम र जनचेतनामा आधारित रणनीति अवलम्वन गरिनेछ । मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगकारुपमा स्थापित गर्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरिने र योग तथा ध्यानलाई समुदायस्तरसम्म प्रवर्द्धन गरिने नीतिमा उल्लेख छ । सरकारले पूर्वाधार वित्त पोषणको नयाँ मोडल लागू गर्ने घोषणा गरेको छ ।

वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजीक्षेत्रको लगानी परिचालन गर्दै पूर्वाधारक्षेत्रमा नयाँ वित्तीय मोडल कार्यान्वयन गरिने राष्ट्रपति पौडेलले बताए । सरकारले दीर्घकालीन पुँजी निर्माणका लागि ऋणबजार, बण्डबजार, पूर्वाधार बण्ड तथा जोखिम व्यवस्थापन उपकरण विकास गर्ने उनको भनाई छ । सरकारले वैदेशिक सहायता, ऋण तथा निजीक्षेत्रको लगानीलाई उच्चप्रतिफल दिने आयोजनामा केन्द्रित गर्ने नीति लिएको छ । रुपान्तरणकारी योजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समयसीमासहित अघि बढाइने उनले बताए ।

सरकारले आयोजनालाई तोकिएको समयमा नै सम्पन्न गर्न आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने जनाएको छ । आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने सरकारको तयारी छ । डिजिटल प्रगति ट्र्याकिङ प्रणाली लागू गरिने तथा जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधानलाई प्राथमिकता दिने सरकारको योजना छ । सरकारले करको संरचना पुनरावलोकन गर्ने नीति लिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले यस्तो व्यवस्था उल्लेख गरेको हो । उद्यमी तथा मध्यमवर्गीय परिवारमाथिको बोझ घटाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

'करका संरचनाको पुनरावलोक गर्दै उद्यमी तथा मध्यमवर्गीय परिवारमाथिको बोझ घटाइनेछ,' उनले भने । सरकारले तोकिएकोभन्दा बढी लगानी गर्ने लगानीकर्ताका लागि 'लगानी भिसा' उपलब्ध गराउने भएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले यस्तो व्यवस्था गरिने उल्लेख गरेको हो । 'नेपाल सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई नेपाल लगानी भिसा उपलब्ध गराइनेछ,' राष्ट्रपति पौडेलले भने । सरकारले नेपाललाई परम्परागत श्रमआधारित अर्थतन्त्रबाट डिजिटल, सेवा र प्रविधिमुखी अर्थतन्त्रतर्फ रुपान्तरण गर्ने महत्वाकांक्षी घोषणा गरेको छ ।

सरकारले सीमारहित अर्थतन्त्र र तौलरहित व्यापारलाई राष्ट्रिय आर्थिक रणनीतिको केन्द्रमा राख्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत, पर्यटन, उच्चमूल्यका कृषिउत्पादन तथा हरित औद्योगिकीकरणलाई आर्थिक रुपान्तरणका मुख्य आधार बनाउने नीति अघि सारेको छ । अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिएर विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाउने राष्ट्रपति पौडेलले बताए । सूचनाप्रविधिलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्दै सफ्टवेयर, डिजिटल सेवा, क्लाउड कम्प्युटिङ, साइबरसुरक्षा, हरित कम्प्युटिङ तथा एआई कम्प्युटिङलाई निर्यातमुखी उद्योगकारुपमा विकास गरिने बताए ।

डिजिटल पार्क, उच्च क्षमताका डाटा सेन्टर तथा सार्वजनिक डिजिटल पूर्वाधार निर्माणमार्फत नेपाललाई क्षेत्रीय टेक हबकारुपमा स्थापित गर्ने उनले उल्लेख गरे । सरकारले मानव र वन्यजन्तुबीच बढ्दै गएको द्वन्द्व न्यूनीकरणका लागि विभिन्न सुरक्षात्मक तथा व्यवस्थापकीय उपाय कार्यान्वयन गर्ने घोषणा गरेको छ । राष्ट्रपति पौडेलले वन्यजन्तुको आक्रमणबाट हुने मानवीय र भौतिक क्षति कमगर्न सरकारले रणनीतिक योजना अघि सारेको बताए । मानव-वन्यजन्तु द्वन्द्व रोक्न पूर्वसूचना प्रणाली रोकथामका लागि भौतिक संरचना निर्माण र वन्यजन्तु संख्या व्यवस्थापनका लागि नशबन्दी तथा स्थानान्तरण जस्ता उपाय अपनाइने छ ।

वन्यजन्तु प्रभावितक्षेत्रका किसानका लागि वैकल्पिक बाली प्रवर्द्धन गर्ने र क्षतिपूर्ति व्यवस्था थप प्रभावकारी बनाइने उनले बताए । सरकारले दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको बासस्थान संरक्षणलाई पनि विशेष प्राथमिकतामा राखेको छ ।

मुलुकका राष्ट्रिय निकुञ्जहरुको प्रभावकारी व्यवस्थापन गर्दै वन्यजन्तुको प्राकृतिक बासस्थान सुरक्षित बनाइने राष्ट्रपति पौडेलले उल्लेख गरे ।




# सुकुम्बासी समस्या सम्बोधन गर्न अनेरास्ववियुको ध्यानाकर्षणपत्र



साझाकुरा संवाददाता

हेटौंडा, २८ बैशाख/ नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियु मकवानपुरले सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबासीको समस्यालाई लिएर जिल्ला प्रशासन कार्यालय मकवानपुरमा ध्यानाकर्षण पत्र बुझाएको छ ।

सोमवार अनेरास्ववियु मकवानपुरका अध्यक्ष नवराज शर्मा पौडेलको नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ७ बुँदे माग सहितको ध्यानाकर्षणपत्र बुझाएको हो । ध्यानाकर्षणपत्रमा जिल्लाभित्र रहेका वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीको वैज्ञानिक पहिचान गरी तत्काल वास्तविक तथ्यांक सार्वजनिक गर्न माग गरिएको छ । वास्तविक सुकुम्बासीलाई कानुनी प्रक्रिया पूरागरी अविलम्ब जग्गाको स्वामित्व (लालपुर्जा) प्रदान गरी सुरक्षित बसोबासको सुनिश्चितता गर्न माग गरिएको छ ।

सुकुम्बासीबस्तीका बालबालिका आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित नहोउन भन्नका लागि विशेष शैक्षिक प्याकेज, नि:शुल्क भर्ना र उच्चशिक्षासम्म छात्रवृत्तिको ग्यारेन्टीको माग गरिएको छ । विकल्प र उचित व्यवस्थापनबिना सुकुम्बासीबस्तीमा बल प्रयोग गर्ने, डोजर चलाउने वा बालबालिकाको मनोविज्ञानमा असर पर्नेगरी त्रास फैलाउने कार्य तत्काल बन्द गर्नुपर्ने लगायतको ७ बुदाँ रहेका छन् । ध्यानाकर्षणपत्र बुझ्दै प्रजिअ अधिकारीले सुकुम्बासी बस्तीमा हचुवाको भरमा डोजर नचल्ने स्पष्ट पारे । उनले सुकुम्बासीको यथार्थ लगत संकलन र उचित व्यवस्थापनको खाका तयार पारेर मात्र प्रक्रिया अगाडि बढाइने बताए ।

प्रजिअ अधिकारीले भने 'विद्यार्थी त्रसित हुनुपर्ने कुनै कारण छैन । विद्यार्थी ढुक्क भएर अध्ययनमा लाग्नुहोस् । विशेष गरी विद्यार्थीलाई प्रत्यक्ष असर पर्नेगरी कुनैपनि कार्य गरिने छैन' उनले विद्यार्थीका लागि नि:शुल्क भर्ना र बिजुली जस्ता आधारभूत सुविधाका विषयमा सरकारका तर्फबाट हुन सक्ने सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाए । ध्यानाकर्षणपत्र हस्तातरणमा अनेरास्ववियु मकवानपुर जिल्ला सचिवालय सदस्य भारत देवकोटा, मकवानपुर क्याम्पस स्ववियु सदस्य एवं अनेरास्ववियु क्याम्पस कमिटी अध्यक्ष उन्नत देवकोटा, हेटौंडा क्याम्पस कमिटी अध्यक्ष नितेश भण्डारी, हेटौंडा उपमहानगर अध्यक्ष रिजन जिसी, विद्यार्थी नेता सुमन घिमिरे लगायतको उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# प्रविधिमैत्री सार्वजनिक यातायात कहिले

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौँ महाधिवेशनमा व्यक्त गरेका विचारहरु सुन्दा आशा जगाउने खालका छन् । यातायात क्षेत्रलाई २१ औँ शताब्दीको प्रविधिसँग प्रतिस्पर्धी बनाउनुपर्ने, सार्वजनिक यातायातमा जीपीएस जडान गर्नुपर्ने, पेट्रोलियम तथा डिजेल सवारीलाई क्रमश: विद्युतीय सवारीतर्फ रुपान्तरण गर्ने राज्यको नीति रहेको जस्ता भनाइ नयाँ होइनन् । यस्ता प्रतिबद्धता सरकारका विभिन्न तहका जिम्मेवार व्यक्तिबाट बिगतदेखि पटक-पटक दोहोरिँदै आएका छन् । तर, यथार्थमा यी भनाइ र नीति कार्यान्वयनको अवस्थाबीचको दूरी यति धेरै छ कि जनता निराश हुनु स्वाभाविक बनेको छ । यातायात प्रणाली कुनै पनि देशको विकासको सूचक हो भन्ने मन्त्री थापाको भनाइसँग असहमत हुने ठाउँ छैन । सुरक्षित, सहज, सस्तो र प्रविधिमैत्री यातायातबिना आर्थिक विकास, सामाजिक गतिशीलता र नागरिकको जीवनस्तर उकास्न सम्भव हुँदैन । नेपालजस्तो भूपरिवेष्ठित र विकासोन्मुख देशका लागि त यातायात झन् जीवनरेखा नै हो । तर, विडम्बना के छ भने, यही क्षेत्र अव्यवस्था, पुराना संरचना, राजनीतिक हस्तक्षेप र नीतिगत अन्योलको चपेटामा परेको छ ।

सरकारले सार्वजनिक यातायातमा जीपीएस प्रणाली जडान गर्ने घोषणा गरेको वर्षौं भइसक्यो । यसले सवारीको वास्तविक अवस्था, समयपालन, गति नियन्त्रण र यात्रुको सुरक्षामा ठूलो योगदान पुऱ्याउन सक्थ्यो । तर, आजपनि धेरैजसो सार्वजनिक सवारीसाधनमा जीपीएस त के, न्यूनतम प्रविधि र मापदण्डको पालना छैन । यात्रुबसमा एउटा डस्ट बिन राख्न सकेको छैन जीपीएसको गफ दिने ? भएका केही प्रयास पनि कागजमै सीमित छन् । नीति बनाउने र भाषण गर्ने तहमा उत्साह देखिए पनि कार्यान्वयनमा पुग्दा ढिलासुस्ती, बहानाबाजी र जिम्मेवारी पन्छाउने प्रवृत्ति हावी छ । विद्युतीय सवारी प्रवर्द्धनको विषय पनि भाषणमा आकर्षक तर, व्यवहारमा कमजोर देखिएको छ । पेट्रोलियमपदार्थमा निर्भरता घटाउने, वातावरणीय प्रदूषण कमगर्ने र दीर्घकालीनरुपमा ऊर्जाखर्च घटाउने उद्देश्यले विद्युतीय सवारीतर्फ जानु अपरिहार्य छ । राज्यको नीति यही भए पनि आवश्यक पूर्वाधार, चार्जिङ स्टेशन, करनीति र वित्तीय सहुलियतमा स्पष्टता र स्थिरता छैन । एकातिर विद्युतीय सवारी प्रोत्साहनका कुरा गरिन्छ, अर्कोतिर कर र नीतिमा बारम्बार परिवर्तन गरेर व्यवसायी र उपभोक्तालाई अन्योलमा पारिन्छ । यस्तो दोधारे नीतिले रुपान्तरणको गति स्वाभाविकरुपमा सुस्त बनाएको छ । यातायात व्यवसायीको एकता आवश्यक छ भन्ने मन्त्रीको भनाइ पनि सही हो तर, त्यसको जिम्मेवारी केवल व्यवसायीको काँधमा थोपर्न मिल्दैन । सरकारले स्पष्ट, पारदर्शी र दीर्घकालीन नीति ल्याएर सबै सरोकारवालालाई एउटै बाटोमा डोऱ्याउनु आवश्यक छ । हाल देखिएको अवस्था भने केन्द्रीकृत सिन्डिकेट प्रवृत्ति, आन्तरिक प्रतिस्पर्धा र राजनीतिक संरक्षणले गर्दा सुधार भन्दा जटिलता बढ्ने खालको छ । यसले यात्रुलाई महँगो भाडा, असुरक्षित यात्रा र कमजोर सेवा सहन बाध्य बनाएको छ । चरम ढिलासुस्ती सरकारको सबैभन्दा ठूलो कमजोरीकारुपमा देखिन्छ। कानुन संशोधन, मापदण्ड निर्धारण, प्रविधि भित्राउने निर्णय सबै प्रक्रिया वर्षौंसम्म अल्झिरहन्छन् ।

यसबीच जनता भने जोखिमपूर्ण सवारी चढ्न, ट्राफिक जाममा घण्टौँ बिताउन र दुर्घटनाको भय बोकेर यात्रा गर्न बाध्यछन् । विकासको कुरा गर्ने सरकार नागरिकको दैनिक दु:खप्रति संवेदनशील नदेखिनु गम्भीर विषय हो । अब समय आएको छ, भाषण र प्रतिबद्धताबाट अगाडि बढेर ठोस कार्यान्वयनमा जाने । यातायात क्षेत्रलाई साँच्चै प्रविधिमैत्री र आधुनिक बनाउने हो भने समयसीमा तोकिएको कार्ययोजना, कडा अनुगमन र परिणाममुखी नेतृत्व आवश्यक छ । ढिलासुस्तीलाई 'सामान्य प्रक्रिया' भनेर स्वीकार गर्ने संस्कृतिबाट बाहिर ननिस्किएसम्म मन्त्रीका राम्रा भनाइहरु पनि जनताको नजरमा खोक्रा आश्वासनमै सीमित हुनेछन् । गफ दिन बन्द गरेर नागरिकले अनुभूति गर्ने काम गरौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख ३० गते बुधबार १३ मे २०२६ । एकादशी, जेठ कृष्णपक्ष । बछ्लागा ११४६ ने.सं. । सूर्योदय ५:१८ सूर्यास्त ६:४४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नया‌ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# विश्वविद्यालय छाता ऐन/उच्च शिक्षा ऐनको सान्दर्भिकता र आवश्यकता



✍रमेश प्रसाद लामिछाने
हेटौंडा, मकवानपुर

उच्च शिक्षा भन्नाले विश्वविद्यालय तहमा अध्ययन अध्यापन गरिने शिक्षा बुझिन्छ । हाम्रो शिक्षामा स्नातक तह देखि माथिका शैक्षिक कार्यक्रमहरु सबै विश्वविद्यालय तह अन्तर्गतका शिक्षा पर्दछन् । हाम्रो उच्च शिक्षा आलोचित हुँदै आएको वर्षौं भएको छ । समस्या निदान नभएको वा पत्ता नलागेको भन्न मिल्दैन । वर्षै पिच्छेका आयोगहरुले दिएका सुझावहरु शिक्षा सुधारमा पर्याप्त नभएका पनि होइनन् । सरकारका शैक्षिक सल्लाहकार कमजोर डिग्रिका भए भन्ने आधार पनि छैन । यहाँ समस्या भनेको कार्यान्वयनमा नै हो भन्दा बिमति नहोला । विश्वविद्यालय भनेको के हो ? यस्का मापदण्ड के के हुन सक्छन् ? संरचना कस्तो हुनुपर्छ ? पाठ्यक्रमले के के विषयवस्तु र सीपको सम्बोधन गर्नुपर्छ ? खोज, अनुसन्धान, आविष्कार र नवप्रवर्तनको स्थान कहाँ छ ? जनशक्तिका सबालमा स्पष्टता छ वा छैन ? विश्वस्तरमा हाम्रो उच्च शिक्षाको अवस्था तुलना हुन्छ कि हुँदैन । उच्च शिक्षामा आधुनिक प्रविधिको उपयोग र राष्ट्रको सर्वपक्षीय उन्नतिमा भए गरेको योगदान र सम्भाब्यताका सबालमा नतिजा बिश्लेषण त अनेकौं पटक भएका हुनसक्छन् । यस्ता सबालमा राज्य अनभिज्ञ भएर विज्ञहरुले प्रश्न उठाएका कदापि होइनन् । जान्दै नजान्नु र जानेर पनि बुझ पचाउनु बिल्कुल भिन्न पक्षहरु हुन् । सरकारमा नरहेका बेला देखिएका तमाम छिद्रहरु आफू सरकारमा पुग्ने बित्तिकै टालिएका देखिने स्थितिलाई हेर्ने बुझ्ने दृष्टिकोण नै त्रुटीपूर्ण भन्नुपर्छ ।

पछिल्लो समयमा विश्वविद्यालयका कुलपति प्रधानमन्त्री रहने विधि फेर्न पर्ने आवाज उच्च तहमै उठेको हो । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली स्वयम्ले विश्वविद्यालयको दिक्षान्त समारोहमा प्रधानमन्त्री पदेन कुलपति रहने व्यवस्थामा पुनर्बिचार गरिनुपर्ने अभिव्यक्ति दिएपछि पूर्व उपकुलपति तथा विज्ञ प्राध्यापकहरुबाट सकारात्मक टिप्पणी भएको समाचार बाहिर आएको थियो । दर्जनौं विश्वविद्यालयका कुलपति एकै व्यक्ति प्रधानमन्त्री रहने पदेन व्यवस्था हटाएर विज्ञ तथा सिनियर प्राध्यापकहरुबाट कुलपति तथा उपकुलपति छनौट गर्ने विधि निमार्णका सबालमा प्राज्ञ र शिक्षाविदहरु एकमत देखिएकै हुन् । यहि विषयमा भएका चर्चा र खुल्ला टिप्पणीप्रति बेवास्ता गर्दै अहिले प्रस्तुत भै रहेको विश्वविद्यालय शिक्षा ऐनमा कुलपतिका सबालमा मौन बसेर उपकुलपति, डिन, रजिष्ट्रार र अन्य पदहरुमा छनौटका कुरामात्र समेटिनुलाई रहस्यपूर्ण मानिएको छ । निश्चय नै, प्रत्येक विश्व विद्यालयमा फरक प्राज्ञ कुलपति रहने व्यवस्थाबाट शिक्षामा भिन्न युगको थालनी हुनसक्ने आँकलन गरिनु अन्यथा होइन । सिनियर प्राध्यापकहरुबाट दक्षता, सक्षमता र विज्ञताका आधारमा सदाचारी ब्यक्तिलाई उपकुलपति र रजिष्ट्रार तथा डिन जस्ता महत्वपूर्ण पदमा कम्तिमा पनि पाँच वर्ष अविधिका लागि ठोस् योजना सहित नियुक्त गर्ने सिस्टम बनाउन कस्ले अवरोध गरेको छ ? मेरिटोक्रेसीको रटान दिईरहँदा बिवादित तथा दलगत र नातावाद नै प्राथमिकतामा पर्ने हो भने क्रमभंगताका विषय ओझेलमा पर्ने खतरा पनि उत्तिकै छ । विज्ञ र प्राज्ञहरु रहनु पर्ने स्थानमा अब राजनीतिक नियुक्ति हुँदैन भनेर प्रमाणित गर्ने अवसरको उपयोगको यो उपयुक्त बेला हो ।

अहिले नियम, कानून र विधि तथा ऐनका केहि बुँदाहरु टालटुल गरेर उच्च शिक्षामा सुधार गरियो भन्ने हैन । जिर्ण बनिसकेको विश्वविद्यालय शिक्षा ऐनलाई च्यात्दै सिलाउँदै गर्दा करिमबक्सको जुत्ता झैं भिन्न पहिचान नबन्ला भन्न सकिन्न । यो बेला नयाँ उच्च शिक्षा ऐन प्रस्तुतीका लागि बलियो अवस्था देखिएको छ । ब्यवहारमै क्रमभंग गर्ने हो भने यो ऐतिहासिक अवसर भन्नै पर्दछ । विश्वविद्यालयका संख्या मात्र धेरै भएर स्तरीय शिक्षा हुँदैन । स्तरीय शिक्षाका लागि स्तरीय संरचना र सिकाई उपलब्धि नै उच्च हुनै पर्दछ । विश्वविद्यालय स्थापनाका आधार तथा मापदण्डलाई किटानी गरिनु पर्दछ । शहरमा विश्वविद्यालय भाडाको घरमा राख्ने र यस्को नाममा रहेको जमिन भने दूरदराजका गाउँमा सस्तो र निकम्मा हुने भएकाले जमिनको न्यूनतम क्षेत्रफल मात्रै हैन, आवश्यक भौतिक संरचनाका सबै शिर्षकहरु समावेश भएको भवन, कम्पाउण्ड, खेलमैदान, फर्निचर, पानी, विद्युत, सडक, सिसि क्यामेराहरु, एआई सहितका विषयगत प्रयोगशालाहरु, स्मार्टबोर्डहरु, विषयगत ब्लकहरु, सवारी साधनहरु, पुस्तकालय लगायतका संरचना एकै कम्पाउण्डमा रहने स्थिति प्राथमिकतामा पर्नै पर्दछ । विश्वविद्यालयमा नवप्रवर्तनिय कक्षहरु र खोज अनुसन्धानका ब्लकहरुसंगै आवश्यक सामग्रीहरु जोडिएको हुनैपर्दछ । आधुनिक प्रविधियुक्त सामग्रीहरु आजको शिक्षालयका गहना हुन् । डिजिटल पुस्तकालय आजको अर्को आकर्षण हो । परम्परागत शिक्षण विधिलाई बिस्थापन गर्ने अत्याधुनिक शैक्षणिक सामग्रीहरुमा विद्यार्थीको ध्यान केन्द्रीत हुदैंआएको छ ।

विश्वविद्यालयको तहगत संरचना स्नातक तह, स्नातकोत्तर तह, एमफिल, पिएचडी, पोस्ट डक्टरेट तह समेतमा स्पष्ट अवधि, पाठ्यक्रम, खोज, अनुसन्धान र अविष्कारका सबालमा किटानी ब्यवस्था ऐनमा नै गरिनु पर्दछ । न्यूनतम विद्यार्थी संख्या र विषयगत संकायहरुका बारेमा ऐन मौन रहनु राम्रो होईन । कति वटा विश्वविद्यालय के के आधारमा कुन भूगोलमा रहने हो भनेर कम्तिमा बिश्लेषण गरिनै पर्दछ । टिचिङ्ग र ननटिचिङ्ग स्टाफको नियुक्ति तथा सेवा सुविधा प्रचलित अन्तर्राष्ट्रिय मान्यता समेतको आधारमा ब्यवस्थापन गरिनुपर्दछ । तदर्थ र औपचारिकवादको अन्त्य बिलम्व भै सकेको छ । आंशिक प्राध्यापकहरुको आन्दोलनको अवधि ले एउटा जेनेरेशन बित्नु भनेको हदै लज्जाको विषय हो । वर्षै पिच्छे उही प्रश्नपत्र, उत्तरपुस्तिका नै परिक्षण नगरी औषत अंकमा नतिजा प्रकाशन, पचासवर्षे परम्परागत शैलीकै निरन्तरतामा परीक्षा नियन्त्रण कार्यालयको ब्यवहार, शिक्षण सिकाई क्रियाकलाप पनि उही थोत्रा नोटकै आधार, हेल्मेट प्राध्यापक जस्ता शिर्षक समाचारले सरोकारवाला दिक्क र निराश भएकै हुन् । विश्वविद्यालय अनुदान आयोगले अनुदान निकाशा गर्ने तर उक्त रकमको सदुपयोगको कुनै अनुगमन तथा चासो सरोकार नराख्ने गर्दा त्यस्तो रकम कैले सकौं जस्तो भएको देखिन्छ । विशेष मान्छेहरुको विशेष आम्दानीको स्थायी स्रोतको पहिचान बनेको आयोगले राष्ट्रिय अन्तर्राष्ट्रिय अनुदानको ब्यापक दुरुपयोग गरेको चर्चा छापामा आएको सर्व विदितै छ । शिर्षकगत खर्च त धेरै टाढाको प्रसंग बनेको छ । विद्यार्थी संग लिईने शुल्क तरकारी बजारको बिचौलियाको मोलमोलाई संग मेल खाने हुन्छ ।

मुलुकमा एउटैमात्र विश्वविद्यालय हुँदा छाता ऐनको जरुरी थिएन । जब विश्व विद्यालयहरुको संख्या बढ्दै गयो तब यी सबै विश्वविद्यालयहरुलाई एउटै मालामा समावेश गर्न छाता ऐनको जरुरी महशुस भएकै कारणले विज्ञ प्राध्यापकहरुको सुझावमा टेकेर सरकारले आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटमा समेत उल्लेख गरि विश्वविद्यालय छाता ऐन ल्याउने भनियो । त्यसपछिका प्रत्येक वर्ष सरकारले बजेट प्रस्तुत गर्दा यो छाता ऐनको प्रसंग छुटाएन । विश्वविद्यालय अनुदान आयोग नै विश्वविद्यालयहरुको साझा मुख्यालय बन्दै आएको सन्दर्भ पनि सरोकारवर्गले देखिरहेका छन् । हाल नेपालमा त्रिविवि, केयु, पुर्वाञ्चल, पोखरा, मध्यपश्चिम, सुदुरपश्चिम, कृषि तथा वन, नेपाल संस्कृत, लुम्बिनी वौद्ध, राजर्षी जनक, ओपन, मदन भण्डारी विज्ञान तथा प्रविधि, नेपाल विवि समेत गरि १३ वटा विश्वविद्यालयहरु रहेका छन् । त्यस्तै विश्वविद्यालयस्तरकै मान्यता प्राप्त स्वायत्त स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुमा शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान, नेशनल अकाडेमी अफ मेडिकल साईन्स, बिपि कोईराला ईन्स्टिच्युट अफ हेल्थ साईन्स, पाटन अकाडेमी अफ हेल्थ साईन्स, कर्णाली अकाडेमी अफ हेल्थ साईन्स, पोखरा अकाडेमी अफ हेल्थ साईन्स, राप्ती अकाडेमी अफ हेल्थ साईन्स, मदन भण्डारी अकाडेमी अफ हेल्थ साईन्स र मधेश ईन्स्टिच्युट अफ हेल्थ साईन्स गरि ९ वटा रहेका छन् । पछिल्लो समयमा प्रादेशिकस्तरमा स्थापना गरिएका विश्वविद्यालयहरुमा गण्डकी विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय, मधेश विश्वविद्यालय र बाग्मती प्रदेश विश्वविद्यालय गरि ४ वटा भैसकेका छन् ।

अन्तमा, कतिपय विषयहरु औपचारिकतामा मात्र सिमित भएकालाई कार्यान्वयनमा लैजान पहल गरिनु पर्दछ । अर्को सबाल भनेको सरकारी नियत र दृष्टिकोण नै हो । विश्वस्तरमा हाम्रो उच्च शैक्षिक डिग्रीको समकक्षता र स्तरीयताका सबालमा गम्भिर बन्नै पर्दछ । झोले विश्वविद्यालयहरुबाट आएका प्रमाणपत्रहरु खारेज गरि संलग्न कारोबारीलाई हदै सम्मको दण्ड दिने प्रावधान हुन जरुरी छ । आँगिक कलेजहरुमा मात्र हैन, सामुदायिक कलेजहरुमा समेत स्थायी प्राध्यापकहरुलाई कलेज प्रमुख बनाउने प्रावधान अर्को महत्वपूर्ण पक्ष हो । विश्वविद्यालयहरुको जनशक्ती ब्यवस्थापन र अनुगमन तथा प्रभावकारी सुपरिवेक्षणका लागि अधिकार सम्पन्न विश्वविद्यालय सेवा आयोग बनाउनु जरुरी देखिन्छ । विश्वविद्यालयमा राजनीतिक नियुक्तिको परम्परा खारेज हुनु पर्दछ । सबै जिम्मेवार पदहरुमा मेरिटोक्रेसी देखिनु पर्दछ । पाठ्यक्रम समयानुकूल र सान्दर्भिक बनाईनु पर्दछ । कुनै पनि कारण देखाएर शिक्षण संस्थामा ताला लगाउने र बन्द हड्ताल संगै लुटपाट अनि आगजनी जस्ता घटनाहरु सदाको लागि बन्द भएमा मात्र क्रमभंगता देखिन सक्छ । भनाई र गराईमा अन्तर हुने हो भने सरकार प्रतिको बिश्वसनियता सकिदैं जानेछ । विश्वविद्यालय शिक्षामा मर्मत सम्भार हैन, प्रचलित ऐन नियममा परिमार्जन तथा फेरबदल भन्दा पनि नयाँ उच्च शिक्षा ऐन अर्थात विश्वविद्यालय छाता ऐन हाम्रो अपेक्षा हो ।

# सीमा आवागमनका अप्ठ्यारामा सजिला समाधान खोजौं

✍किरण पौडेल

विश्वका हरेक राष्ट्रले आफ्नो सीमा व्यवस्थापन अन्तर्गतका विभिन्न चरहरूलाई विशेष चासो र प्राथमिकताका साथ लिएको पाइन्छ । सीमा व्यवस्थापन अन्तर्गत धेरै विषयवस्तु समेटिने भए तापनि सामान्यत: दुई देशका साँध-सिमाना र सीमाबाट हुने आवागमनको विषय बढी पेचिलो रूपमा रहेको छ । त्यसमध्ये नेपालको हकमा सीमा क्षेत्रबाट हुने आवागमनसँग सम्बन्धित वस्तुगत प्रसङ्ग सदैव चर्चामा रहने गरेको पाइन्छ । गतिशील मानवीय स्वभावका कारण कुनै पनि देशका मानिस सामान्यत: एक देशको साँध-सिमाना र भूगोलभित्र मात्र समेटिएर बसेको अवस्था देखिँदैन । यस तथ्यलाई सर्वव्यापी रूपमा स्वीकार गर्दै समस्त राष्ट्रहरूले मुलुकबाट बाहिरिने र भित्रिने मानिसका लागि आआफ्नै किसिमका अध्यागमन नीति-नियमहरू अवलम्बन गर्दै आइरहेका छन् । आधुनिक प्रविधिमैत्री वातावरण र बदलिंदो सामाजिक मनोविज्ञानले हरेक देशका सीमा व्यवस्थापनका साविक आयामहरूलाई थप चुनौतीमा परिणत गरिदिएका छन् ।

अवगत भएकै कुरा हो, नेपालको सिमाना उत्तरमा चीन तथा अन्य दिशामा भारतसँग जोडिएको छ । युगौंदेखि दुवै छिमेकी मित्रराष्ट्रहरूसँगको सम्बन्ध परम्परागत एवम् सांस्कृतिक साथै जनजीविकाको सवालमा समेत नागरिकहरू बीच 'रोटीबेटी' सम्मको अन्योन्याश्रित सम्बन्ध रहिआएको छ । फरक प्रकृतिको भौगोलिक सिमाना र भूबनोट अनुसार तुलनात्मक रूपमा चीनतर्फ प्रवेश गर्ने नाकाहरू केही अप्ठ्यारा र सीमित मात्रामा छन् भने भारततर्फ जाने-आउने बाटो तथा गोरेटोहरू प्रशस्तै संख्यामा रहिआएको पाइन्छ । त्यसैगरी चीनतर्फका सीमावर्ती क्षेत्रभन्दा तुलनात्मक रूपमा भारतीय सीमावर्ती क्षेत्रमा मानव बस्तीको घनत्व पनि बढी नै रहेको छ । सोही कारण चीनतर्फ भन्दा भारततर्फका सीमानाकाहरूमा दैनिक रूपमा हुने आवागमन पनि अत्यधिक नै रहने गरेको अवस्था विद्यमान छ ।

प्रभावकारी सीमा व्यवस्थापनका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न तहगत मन्थन पहिलेदेखि नै नभएका होइनन्, तर पनि वस्तुपरक गम्भीरता उन्मुख हुन क्रमिक रूपमा समय लागेको देखिन्छ । नेपालको सीमा सम्बन्धमा विगतमा विभिन्न लेखकका पुस्तक र लेखहरू पनि प्रकाशन भए । प्रकाशित पुस्तक तथा लेखहरूले तथ्यगत विवरणलाई उजागर गरे तापनि सीमा व्यवस्थापनमा व्यावहारिकताको पक्ष र आगामी दिनमा अवलम्बन गर्नुपर्ने गतिशील नीतिगत विषय निर्धारणको उत्तरदायित्वले भने राज्यसँगकै सामीप्यता खोजेको देखिन्छ । यसै दायित्वअन्तर्गत सीमा समस्या समाधानका निमित्त विभिन्न उच्चस्तरीय बैठकले कैयौं निर्णय गरी कार्यान्वयनमा लैजाने प्रयास गर्दै आएको भए ता पनि हालसम्म सीमा आवागमनका व्यावहारिक अवयवहरू समाधान हुन नसकी आवागमनमा कठिनाइको अनुभूति सीमावर्ती स्थानीय सर्वसाधारणले गरिरहेका छन् ।

पछिल्लो समय सीमा आवागमनको चेकजाँचमा कडाइको प्रसङ्ग सामाजिक सञ्जालमा चर्चाको विषय बनिरहेको छ र यसै विषयमा विभिन्न प्रकृतिका टीकाटिप्पणी तथा प्रतिक्रियाहरू पनि प्रशस्त आइरहेका छन् । सीमानाकाहरूबाट भइरहेको आवतजावत सदियौंदेखि निरन्तर चलिआएको विषय हो । तसर्थ यी यावत् गतिविधिका माझ सीमा क्षेत्रमै काम गरिरहेका निकायहरूलाई समस्याको चुरोसँग अपरिचित रहेको मान्न सकिंदैन । राणाकालीन समयमा राजधानी काठमाडौंदेखि पैदल मार्गहुँदै भारतका विभिन्न शहरसम्म पुग्ने र फर्कने गरेको तथ्य इतिहासबाट लिन सकिन्छ । रात्रिमुकामका लागि उक्त समयमा बनाइएका राणाकालीन दरबारहरूका पुराना भवनहरू समेत सीमावर्ती जिल्लाका विभिन्न स्थानमा हालसम्म पनि देख्न-भेट्न सकिन्छ ।

सीमा व्यवस्थापनमा सुरक्षा निकायहरू लगायत अन्य विभिन्न निकाय एवम् सैसंस्था समेत गरी करिब दर्जनभन्दा बढी साङ्गठनिक संरचनाको प्रत्यक्ष वा परोक्ष भूमिका रहिआएको छ । सीमावर्ती क्षेत्रको सुरक्षा व्यवस्थामा सीमा प्रहरी चौकीहरूको योगदान सुरुआती चरणबाटै महत्त्वपूर्ण रहिआएको पाइन्छ । त्यस्तै भन्सार तथा छोटी भन्सार कार्यालय एवम् क्वारेन्टिन कार्यालयहरू लगायत अन्य कार्यालय तथा संस्थाहरूको पनि व्यवस्थापनका क्षेत्रमा आआफ्नै प्रकृतिका जिम्मेवारीहरू रहिआएका छन् ।

त्यसमध्ये पचासको दशकको अन्त्यतिर विषम परिस्थितिमा गठन भई सीमाको सुरक्षा व्यवस्थापनको राज्यप्रदत्त जिम्मेवारी पाएको सशस्त्र प्रहरी बलले सीमा व्यवस्थापनको कार्य प्रारम्भ गरेसँगै नेपालको सीमा व्यवस्थापन नयाँ चरणमा प्रवेश गरेको मान्न सकिन्छ । सीमा व्यवस्थापन कार्यमा परिचालित हुने जनशक्तिलाई सीमासँग सम्बन्धित विभिन्न विषयमा प्रशिक्षण दिने तालिम शिक्षालयको स्थापना गरिनु र प्रशिक्षित जनशक्तिलाई यथासम्भव सीमा व्यवस्थापन कार्यका लागि परिचालन गरिनुलाई सीमा व्यवस्थापनमा सशस्त्र प्रहरी बल नेपालको नीतिगत परिपक्वता मान्न सकिन्छ ।

सीमा व्यवस्थापनमा केन्द्रित हुनेगरी बीओपीहरूको स्थापना भएपश्चात् सशस्त्र प्रहरी बल नेपाल समेतको सक्रियतामा सीमा व्यवस्थापनले क्रमश: थप तीव्रता लिंदै गएको पाइन्छ । सशस्त्र प्रहरी बल नेपालको विभिन्न तहगत संरचना अनुसार छिमेकी देशका सुरक्षा निकायसँग संयुक्त रूपमा सीमावर्ती क्षेत्रमा शुरु गरिएको 'जोइन्ट पट्रोल' (संयुक्त गस्ती), नियमित रूपमा सीमा पिल्लरहरूको अनुगमन तथा दुवैतर्फको संयुक्त उपस्थितिमा सञ्चालन गरिएको सीमा पिल्लरहरूको मर्मतसम्भार कार्यको अभियान थालनीले सीमा क्षेत्रको व्यवस्थापन थप क्रियाशीलतातिर उन्मुख रहेको देखिन्छ ।

कार्यक्षेत्रमा समकक्षीहरू बीच आवश्यकता अनुसार बाहिनीगत रूपमा हुने समन्वयात्मक बैठक साथै केन्द्रीय तहमा भारतीय सीमा सुरक्षा बल र सशस्त्र प्रहरी बल नेपालका नेतृत्व तहबीच आलोपालो समन्वयात्मक बैठक आयोजना हुनुले सीमानाकामा रहेका सानातिना समस्या समेत नेतृत्व तहसम्म जानकारीमा आउने गरी संयन्त्र निर्माण भएको देखिन्छ । यसरी समकक्षीहरूसँगको समन्वयका लागि तहगत संरचनाको अवधारणाको विकास हुनु सशस्त्र प्रहरी बल नेपालले सीमा व्यवस्थापनमा हासिल गरेको उपलब्धिकै अर्को मुख्य कडीका रूपमा लिन सकिन्छ ।

सीमावर्ती क्षेत्रका स्थानीयवासीसँगको सामीप्यतापछि सीमा व्यवस्थापनमा गहिरिएर लाग्ने अवसर सशस्त्र प्रहरी बल नेपालले प्राप्त गरेको छ । यिनै अभ्यास र अनुभवका आधारमा सशस्त्र प्रहरी बल नेपालको पहलकदमीमा 'सीमावासीसँग सशस्त्र प्रहरी' भन्ने अभियानको सुरुआत समेत भइसकेको छ । यस अभियानले सर्वसाधारणसम्मको पहुँच र अन्तरक्रियाबाट प्राप्त हुने उनीहरूका वास्तविक पीरमर्का र गुनासोहरूलाई आत्मसात् गर्दै अघि बढ्ने प्रेरणा र अवसर प्रदान गरेको छ ।

सीमावर्ती क्षेत्रमा नेपालको तर्फबाट गरिएको परिचालन संख्या तुलनात्मक हिसाबले कम रहेको विद्यमान अवस्थामा नेपाल र भारत बीचका खुला नाकाहरूलाई पूर्ण रूपमा नियमन गर्न सिर्जित परिस्थितिजन्य कुनै अवस्था भने निकै चुनौतीपूर्ण पनि बन्ने गरेको पाइन्छ । सीमा क्षेत्रमा सुरक्षाकर्मीको परिचालनले मात्र सीमा व्यवस्थित बनाउन सकिने साविक परम्परागत धारणा भने अब गलत साबित हुन सक्दछ ।

सीमा क्षेत्रका यावत् समस्यामाथि सरोकारवाला तत् निकायहरूको सक्रियता विना सीमा व्यवस्थापन अपुरो नै बन्ने अवस्था सिर्जना हुन्छ । सीमा व्यवस्थापनको आम बुझाइ र वास्तविक यथार्थतामा रहेका यिनै फरक प्रसङ्गलाई समायोजित गर्दै लैजानु आजको एक अत्यावश्यकीय कार्यमा पर्दछ ।

तसर्थ सीमाको आवागमन र अवस्थिति माथि रहेका समस्यालाई फरक दृष्टिकोणबाट विश्लेषण र समाधानको कोसिस समस्त सरोकारवाला निकायबाट गरिनुपर्ने आवश्यकता देखिन्छ । जस्तैः दशगजा वरपरका कतिपय क्षेत्रमा वनजङ्गल समेत पर्ने हुँदा रात्रिकालीन अवस्थामा सुरक्षाकर्मीले नियमन गर्न कठिनाइ हुने साथै नदी र खोलानालाको नजिकमा रहेका क्षेत्रको अवलोकनमा वर्षातको समयावधिभर नै कठिनाइ सामना गर्नुपर्ने अवस्था रहन्छ । अर्कोतर्फ कतिपय सीमावर्ती नेपाली ग्रामीण भेगका नागरिकहरू आफ्नो नेपालतर्फकै खेतबारीमा पुग्न भारतको भूभाग टेकेरै जानुपर्ने बाध्यात्मक अवस्थामा पनि रहेका पाइन्छन् ।

विगतमा कोभिड प्रकोप ताकाको अर्को एउटा उदाहरण लिंदा, विश्वव्यापी रूपमा कोभिड फैलिरहेको अवस्थामा सीमानाकाहरूमा स्वास्थ्य परीक्षण र क्वारेन्टिनको व्यवस्थापन चुनौतीका रूपमा रहेको थियो । त्यसैबखत हतारहतार सीमावर्ती नाकाहरूका ८ स्थानमा क्वारेन्टिन प्रयोजनका लागि ठूला टहरा/भवनहरू निर्माण भए तर कोभिडको प्रकोप हटेसँगै विस्तारै ती संरचनाहरू अव्यवस्थित हुनपुगे । सीमा क्षेत्रमा सिर्जित हुने परिस्थितिजन्य वा अवस्थाजन्य कठिनाइहरूलाई हेर्दा राज्यले अझै पनि केही छिद्रहरू टाल्नुपर्ने अवस्था रहेको देखिन्छ । सीमा क्षेत्रमा परिचालन भएका निकायले ध्यान पुऱ्याउँदापुऱ्याउँदै छुट्न पुग्ने कतिपय त्यही छिद्रहरूको प्रयोग गरी विभिन्न स्वार्थ समूहले त्यसको लाभ उठाउने गरेको पनि पाइन्छ । सीमावर्ती स्थानीयवासीहरू भने सीमा क्षेत्रमा देखिन पुग्ने यस्ता कमजोरी र छिद्रहरूका बारेमा समयमै सम्बन्धित निकायलाई जानकारी गराई आफ्नो गाउँ, टोल र समाज सुरक्षित बनाउन प्रयासरत हुन्छन् ।

*(साभार: अनलाइनखबर)*

# २९ दिनमै एसईईको नतिजा, ४ प्रतिशत बढीले सुधार



काठमाडौं/राष्ट्रिय परीक्षा बोर्डले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा २९ दिनमा सार्वजनिक गऱ्यो । सोमबार सार्वजनिक गरेको नतिजामा ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । यो नतिजा गत वर्षभन्दा ४.१७ प्रतिशतले बढेको हो ।

२०८१ मा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडड भएका थिए । यसवर्ष परीक्षामा सबैभन्दा बढी जीपीए (३.६० देखि ४.००) ल्याउने विद्यार्थीको संख्या ४८ हजार ३ सय ९२ छ । ४ लाख ३० हजार ६६७ विद्यार्थीमध्ये सबैभन्दा बढी ३.६० देखि ४.०० जीपीए ल्याउनेको छ ।

जीपीए ३.२० देखि ३.६० सम्म ल्याउने विद्यार्थीको संख्या ८० हजार ३७२ रहेको छ । २.८० देखि ३.२० सम्मको जीपीए ल्याउने विद्यार्थीको संख्या ९४ हजार २२२ रहेको छ । ५५ हजार ९७७ विद्यार्थीले यस वर्ष २.४० देखि २.८० जीपीए ल्याएका छन् । जीपीए २.०० देखि २.४० सम्म ल्याउने विद्यार्थीको संख्या ५ हजार १९० रहेका छन् । १.६० देखि २.०० जीपीए ल्याउने विद्यार्थीको संख्या ७ जना रहेको बोर्डले जनाएको छ ।

प्रदेश अनुसार, यो वर्ष वर्गीकृत विद्यार्थी कोशीमा ५० हजार ८९०, मधेशमा ४४ हजार ५९२, बागमतीमा ७७ हजार ११३, गण्डकीमा २६ हजार ५५०, लुम्बिनी ४४ हजार २५६, कर्णाली १९ हजार ९५ र सुदूरमपश्चिमा २१ हजार ६६४ छन् ।

सरकारले १ महिनाभित्र नतिजा सार्वजनिक गर्न निर्देशन दिए अनुसार बोर्डले नतिजा सार्वजनिक गरेको हो । '३० दिनभित्र नतिजा सार्वजनिक गर्न सरकारले निर्देशन दिएको थियो । २९ दिनमै नतिजा प्रकाशित भएको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने, 'परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरेकाले छिटो नतिजा सार्वजनिक गर्न सम्भव भएको हो ।'

विगतका वर्षहरूमा ३ महिनामा नतिजा सार्वजनिक हुने गरेको थियो । विद्यार्थीलाई तनाव हुन नदिन सरकारले १ महिनामा नतिजा सार्वजनिक गर्न भनेको हो ।

त्यसैले यसवर्ष परीक्षा केन्द्रमा नै परीक्षण गर्दा धेरै विद्यार्थी उत्तीर्ण हुने आशंकासहित प्रश्नहरू पनि उठेको थियो । तर शिक्षकहरूले आफ्नो मर्यादामा रहेर नै उत्तर पुस्तिका परीक्षण गरेको नियन्त्रक अधिकारीले बताए । 'परीक्षण राम्रो हुँदैन भन्ने आशंका थियो । तर नतिजाको आकडाले चिरेको छ । शिक्षक साथीहरूले इथिक्समा रहेर परीक्षण गर्नुभएको छ,' उनले भने ।

नतिजा सुधार हुनुमा विद्यार्थी र शिक्षकको प्रयत्नले भएको बोर्डको निष्कर्ष छ । प्राध्यापक डा. विद्यानाथ कोइराला नतिजा सुधार हुनुमा तीन कारण देख्छन् ।

'धेरै स्कुलले तीन महिना स्कुलमै राखेर पढाएको छ । खाने बस्ने व्यवस्था स्कुलमै थियो । दोस्रो परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरियो । तेस्रो विद्यार्थीलाई पहिला नै प्रश्नपत्रको मोडेल दिने चलन छ । यी तीन कारणले नतिजामा सुधार आएको देखिन्छ,' प्रा.डा. कोइरालाले भने ।

परीक्षामा १ लाख ४६ हजार ५०७ विद्यार्थी नन ग्रेडेड (अवर्गीकृत) भएका छन् । मधेश प्रदेशका ३१ हजार ७२५ विद्यार्थी नन् ग्रेडेड (अवर्गीकृत) भएका छन् । यो प्रदेशबाट ७६ हजार ३१७ विद्यार्थी सहभागी थिए ।

नतिजा अनुसार नन् ग्रेडेड भएका विद्यार्थी कोशीमा २१ हजार ३६६, बागमतीमा २१ हजार ७०४ र गण्डकीमा ९ हजार ९४३ छन् । त्यस्तै, लुम्बिनीका २७ हजार ८९३, कर्णालीका १३ हजार २४१ र सुदूरपश्चिमका २० हजार ६३५ विद्यार्थी नन् ग्रेडेड भए ।

यी विद्यार्थीका लागि के गर्ने भनेर सरकारले सोच्नुपर्ने बताउँछन्, प्राध्यापक कोइराला । 'अनुत्तीर्ण भएका विद्यार्थीलाई के गर्ने ? उनीहरूलाई गरीखाने कसरी बनाउने त्यसमा सोच्नुपर्छ,' उनले भने ।

बोर्डले अनुत्तीर्ण भएका विद्यार्थीका लागि पुरक परीक्षाको पनि मिति तोकेको छ । असार १ देखि ९ गतेसम्मको लागि पुरक परीक्षाको समय तोकिएको छ ।

नतिजामा चित्त नबुझेमा पुनर्योगको लागि पनि बोर्डले समय दिएको छ । १ जेठदेखि ७ गतेसम्मको लागि पुनर्योगको सयम दिइएको छ । कसैको त्रुटि भएमा सच्याउने बोर्डले जनाएको छ ।

सोमबार सार्वजनिक नतिजामा सामुदायिक र निजी विद्यालयको उत्तीर्ण प्रतिशत सार्वजनिक गरिएको छैन । 'आज नभ्याएर सार्वजनिक नगरिएको हो । भोलि गर्छौं,' नियन्त्रक अधिकारीले भने । ४ जीपीए ल्याउनेको संख्या पनि बोर्डले सार्वजनिक गरेको छैन ।

# 'चिरञ्जीवी भव:'को मुहूर्त, हरिवंशदेखि प्रशंसासम्म देखिँदै




काठमाडौं/गत वर्ष सर्वाधिक कमाइको रेकर्ड बनाएको फिल्म 'परान'का निर्देशक दीपक प्रसाद आचार्य (काकु)को नयाँ फिल्म 'चिरञ्जीवी भव:'को शुभ मुहूर्त गरिएको छ । सोमबार बिहान निर्माण टिमले प्राविधिक र मुख्य कलाकारहरूको उपस्थितिमा ललितपुरको पाटनमा अवस्थित बंगलामुखी मन्दिरमा स्क्रिप्ट र क्यामरा पूजा गर्दै फिल्मको मुहूर्त गरेको हो ।

सो अवसरमा फिल्मका मुख्य कलाकार हरिवंश आचार्यले मुहूर्त सट दिएका थिए । त्यसबेला उनले बोलेको संवाद फिल्मको नामसँग सम्बन्धित थियो । उनलाई निर्माण टिमले यसै साता फिल्ममा अनुबन्धित गरेको हो । यसमा उनीसँगै आशीर्वाद क्षेत्री र प्रशंसा रायमाझीको पनि मुख्य भूमिका रहनेछ । चर्चित कन्टेन्ट क्रिएटर प्रशंसाले यही फिलमबाट डेब्यू गर्दैछिन् ।

जिग्री इन्टरटेनमेन्ट र प्रिमियर प्रोडक्सनको संयुक्त ब्यानर मा निर्माण हुने यस फिल्ममा प्रियंका कार्की, सुवर्ण थापा, कमलमणि नेपाल, सरोज अर्याल, हरिष निरौला (कक्रोज), सुमन कार्की, सुस्मिता कुँवरलगायतका कलाकारहरूको पनि अभिनय रहनेछ । फिल्मले हजुरबुबा र नातीको भावनात्मक सम्बन्धको कथा पेस गर्ने जनाइएको छ ।

उमेशकुमार बराल निर्माता रहेको फिल्ममा कलाकार गजित विष्ट र शैलेश खत्री कार्यकारी निर्माताका रूपमा छन् । फिल्मको कथा कुमार कट्टेलको हो भने पटकथा तथा संवाद सविन अधिकारी र वसन्त न्यौपानेले तयार पारेका छन् । जेठ १५ गतेबाट छायांकन सुरु हुने यस फिल्मलाई माघे संक्रान्तिको अवसर पारेर माघ १ गते रिलिज गर्ने लक्ष्य राखिएको छ ।

# पूर्वाधार नीति : कानुनी सुधार र निर्माणमा गति



काठमाडौं/सरकारले पूर्वाधार विकास तीव्र बनाउन कानुनी सुधार र निर्माणमा गति दिने नीति अङ्गिकार गर्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले यस्तो संकेत गरेको छ ।

नीति तथा कार्यक्रम अनुसार पूर्वाधार विकास तीव्र बनाउन प्रधानमन्त्री डेलिभरी युनिट सुदृढ गरी मिसन मोडमा कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ । यसका लागि सार्वजनिक यातायात तथा सडक सम्बन्धी कानुन परिमार्जन गरिने भएको छ । ठूला आयोजना समयमै सम्पन्न गर्न सुधारिएको प्रणाली र इन्जिनियरिङ मापदण्ड प्रभावकारी कार्यान्वयन गरिने समेत नीति तथा कार्यक्रममा उल्लेख छ ।

अब सरकारले सडक, रेल, जल, रोपवे र हवाई यातायात समेटेर एकीकृत राष्ट्रिय यातायात गुरुयोजना बनाउने भएको छ । लगानी एक्स्प्रेस अवधारणा अनुसार पूर्वाधारसँग सम्बन्धित विवादको शीघ्र सुनुवाइ र निर्णय गर्नेसमेत नीति तथा कार्यक्रममा उल्लेख छ ।

### ठूला सडक पूर्वाधारमा जोड

सरकारले आगामी आवमा ठूला सडक पूर्वाधार कार्यान्वयनलाई तीव्रता दिने तयारी गरेको छ । हुलाकी, पुष्पलाल, उत्तर-दक्षिण राजमार्ग लगायत राष्ट्रिय सडक सञ्जाल स्तरोन्नति र विस्तार तीव्र पारिने भएको छ ।

काठमाडौं-मधेस द्रुतमार्ग तथा यसका लिंक सडक शीघ्र सम्पन्न गर्ने समेत नीति तथा कार्यक्रममा उल्लेख छ । सबै स्थानीय तहलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोडिने समेत राष्ट्रपति पौडेलले बताएका छन् । उनका अनुसार सरकारले हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गर्नेसमेत सरकारको योजना छ ।

### ठूला रेलमार्ग निर्माण निरन्तर

सरकारले ठूला रेलमार्ग निर्माणका योजनालाई नीति तथा कार्यक्रमम समेटेको छ । नीति तथा कार्यक्रममा पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणलाई निरन्तरता दिइने उल्लेख छ । केरुङ-काठमाडौं तथा रक्सौल-काठमाडौं रेलमार्गको लगानी मोडालिटी लगायत विषयमा अध्ययन अगाडि बढाइने तथा दिगो र प्रतिस्पर्धी यातायात प्रणाली विकास गरिने सरकारको नीति छ ।

### सडक दुर्घटना कम गर्न प्रविधिमा जोड

सरकारले सडक दुर्घटना न्यूनीकरणका लागि जीपीएस ट्र्याकिङ, एआईमा आधारित ट्राफिक क्यामरा, डिजिटल जरिबाना प्रणाली र गति नियन्त्रणमा कडाइ गर्ने नीति लिने भएको छ । पैदल यात्रु तथा साइकल यात्रुका लागि सुरक्षित पूर्वाधार निर्माण गरिने भएको छ ।

सार्वजनिक यातायातमा महिलाको सुरक्षित पहुँच सुनिश्चित गरिने समेत नीति तथा कार्यक्रममा उल्लेख छ । काठमाडौंमा बस र्‍यापिड ट्रान्जिट (बीआरटी) को विस्तृत डिजाइन र कार्यान्वयन प्रक्रिया सुरु गर्नेसमेत राष्ट्रपति पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ ।

### विद्युतीय मास ट्रान्जिट प्रणाली विकास

सरकारले सार्वजनिक यातायात सुधार गर्न विद्युतीय मास ट्रान्जिट प्रणाली विकास गर्ने योजना समटेको छ । पर्यटन सम्भावना भएका क्षेत्रमा सडक पहुँच, राजमार्ग स्तरोन्नति, वैकल्पिक मार्ग र राजमार्ग सेवा केन्द्र विकास गरी स्थानीय अर्थतन्त्र चलायमान बनाउने घोषणा समेत सरकारले गरेको छ ।

### सहरी पूर्वाधारमा के छ योजना ?

सरकारले सहरी पूर्वाधार सूचक कमजोर भएका नगर पालिकालाई प्राथमिकता दिँदै बृहत सहरी विकास कार्यक्रम सञ्चालन योजना बनाएको छ । एकीकृत फोहोरमैला व्यवस्थापन प्रणाली विकास गर्दै फोहोर संकलन, प्रशोधन र पुन: प्रयोगका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले मध्यपहाडी लोकमार्ग आसपासका नयाँ सहरलाई पहिचानयुक्त सहरका रूपमा विकास गर्दै जग्गा विकास, पूर्वाधार र स्थानीय आर्थिक सम्भावनासँग जोड्ने योजना बनाइएको छ । त्यस्तै आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि भने किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन लक्ष्य राखिएको छ ।

### जलेका संरचना पुनर्निर्माणमा जोड

सरकारले जेनजी आन्दोलन र जाजरकोट भूकम्पबाट क्षति भएका संरचना पुनर्निर्माणलाई जोड दिने भनेको छ । राष्ट्रिय भवन संहिता अनिवार्य कार्यान्वयन सबै नयाँ निर्माणमा गरिने भएको छ । जस अनुसार भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड समेटिने भएको छ ।

छरिएका तथा जोखिमयुक्त बस्ती व्यवस्थित गर्न भूउपयोग, पूर्वाधार र सामुदायिक सेवासहित एकीकृत परियोजनाको अवधारणा सरकारले नीति तथा कार्यक्रममा समेटेको छ ।

### खानेपानीका योजना कस्ता ?

सरकारले खानेपानीतर्फ ठूला र अधुरा आयोजना कार्यान्वयनमा जोड दिने भनेको छ । २०८७ सालसम्म सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइ सुविधा सुनिश्चित गर्ने लक्ष्य समेत राखिएको छ । तराई मधेसमा आर्सेनिकमुक्त पानी, डिप बोरिङ र सतही जल प्रणाली विकास गरिने समेत नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले ढल व्यवस्थापन प्रणाली मार्फत नदीनाला स्वच्छ बनाउने भनेको छ ।

### स्रोतको जोहो कसरी ?

सरकारले पूर्वाधारमा आवश्यक स्रोतका लागि नयाँ स्रोत खोजी गर्ने लक्ष्य राखेको छ । वैकल्पिक विकास वित्त, डायस्पोरा पूँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडेल लागु गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

वैदेशिक सहायता, ऋण र निजी क्षेत्रको लगानीलाई समेत सरकारले उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गर्ने भनेको छ । अब रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समयसीमा साथ अघि बढाइने भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# सरकारको नीति तथा कार्यक्रममा खुम्चियो खेलकुद

काठमाडौं/खेलकुदमन्त्री सस्मित पोखरेलले धेरै पटक दोहोऱ्याएको विषय थियो - खेलकुदलाई विद्यालयको पाठ्यक्रममै समावेश गर्नुपर्छ । नीतिगत र कानुनी रूपमै खेलकुदलाई शिक्षासँग जोड्ने प्रतिबद्धता खेलकुद मन्त्री पोखरेलले जनाए पनि आगामी आर्थिक वर्षका लागि आएको नीति तथा कार्यक्रमले त्यसलाई समेट्न सकेन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीसमेत रहेका पोखरेलले नेपालको खेलकुद क्षेत्रको विकासका लागि खेलकुदलाई विद्यालयको पाठ्यक्रममै समावेश गर्ने योजना अघि सारेको दाबीसमेत गरेका थिए । तर, उनले दाबी गरेपनि सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा खेलकुदलाई शिक्षासँग जोड्ने योजना समेटिएन । बरु सरकारले खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग जोड्ने उद्घोष गरेको छ ।

विद्यालय तहदेखि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिने योजना नीति तथा कार्यक्रममा छ । यस्तै नीति तथा कार्यक्रमले खेल क्षेत्रको व्यावसायिकीकरण, निजी क्षेत्रको सहभागिता र खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिने विषयलाई समेटेको छ ।

नयाँ सरकार बनेपछि शासकीय सुधारसम्बन्धी तयार पारेको सय कार्यसूचीमा खेलकुदलाई समेट्न नसकेको बालेन नेतृत्वको सरकारले नीति तथा कार्यक्रममा समेत खेलकुदलाई खास प्राथमिकता दिएको देखिँदैन । सरकारले सय बुँदाको नीति तथा कार्यक्रममा एउटा बुँदामा खेलकुदलाई खुम्चाएको छ ।

सरकारको नेतृत्व गरि रहेका बालेन्द्र शाह (बालेन) शाहले प्रधानमन्त्री हुनुअघि खेल र खेलाडीप्रति देखाएको सद्भावका कारण यो सरकारबाट धेरै खेलकर्मीले आशा गरेका थिए । उनी काठमाडौं महानगरपालिकाका मेयर हुँदा हार होस् या जित मैदानमै पुगेर खेलाडी हौसला प्रदान गर्थे । सरकारले एक वर्षसम्म दिन नसक्ने पुरस्कार बालेनले एक दिनमै दिन्थे ।

तर, उनै बालेनले नेतृत्व गरेको सरकारले ल्याएको नीति तथा कार्यक्रमबाट भने खेलकर्मी निराश हुनु पुगे । खेलाडी र खेलकुदको क्षेत्रमा सरकारले ल्याएको योजना पुरानो र परम्परागत भएको खेलकर्मी बताउँछन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पूर्वकार्यकारी सदस्य कमल भट्टराई अहिलेको नीति तथा कार्यक्रम खेलाडीलाई प्रोत्साहन गर्ने खालको नभएको बताउँछन् ।

'हामी कार्यकारी समितिमा हुँदा नीति तथा कार्यक्रमका लागि यो यो बुँदाहरू समेट्नुपर्छ, तल्लो तहदेखि माथिल्लो तहसम्म जसरी खेलकुदलाई विकास गर्नुपर्छ, खेलकुद मात्र नभई संरचनालाई विकास गर्नुपर्छ भनेर नीति तथा कार्यक्रममा राखेका थियौं,' उनी भन्छन्, 'अहिले आउँदाखेरि देखिन्न यसले सम्पूर्ण खेलाडीहरु निराश भएको देखिन्छ ।' खेलकुदका सबै कुरा समेट्न नसेकेको भट्टराईको अनुभव छ ।

नीति तथा कार्यक्रममा समेटिएको खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गर्ने कुरा २०७७ मा बनेको राष्ट्रिय खेलकुद विकास ऐनले नै व्यवस्था गरेको छ । तर, हालसम्म कार्यान्वयन हुन सकेको छैन । यसअघिका सरकारले पनि त्यसलाई समेट्दै आएका छन् । नीति तथा कार्यक्रममा रहेको विद्यालय तहदेखि प्रतिभा पहिचान, खेल क्षेत्रको व्यावसायिकीकरण र निजी क्षेत्रको सहभागिता पनि यसअघिका पुरानै सरकारका आश्वासन हुन् । जसलाई यो सरकारले पनि निरन्तरता दिएको छ ।

गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्माले राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको बजेट रोकेर विद्यालयसम्म खेलकुद पुग्न नसक्ने बताउँछन् । उनी भन्छन्, 'विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको विनियोजित बजेट रोकेर विद्यालय तहसम्म खेलकुद पुग्ने, नवप्रतिभा खेलाडी पहिचान र अवसर दिने कुरा अलि मिले जस्तो लागेन ।'

# 'मितज्यू'को ट्रेलरमा दुई मितको लडाइँ



काठमाडौं/आधुनिकताको बढ्दो प्रवेशसँगै नेपालमा मित लगाउने चलन (रगतको नाता नभएका दुई व्यक्तिबीच आजीवन मित्रताको गाँठो कस्ने परम्परा) हराउन थालिसकेको छ । सामाजिक सद्भाव र भाइचाराको सम्बन्ध स्थापित गर्ने यो परम्परा नेपालमा प्रयोगहीन बन्दै गइरहेका बेला फिल्म 'मितज्यू' भने यही विषयमा आधारित भएर निर्माण भएको छ ।

जेठ ८ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्मको सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच ट्रेलर सार्वजनिक गरिएको छ । ट्रेलरले फिल्मको कथावस्तुबारे संक्षिप्तमा प्रकाश पारेको छ । पेसाले चालक रहेका दुई मितबीचको मित्रता र झगडालाई ट्रेलरमा रोचक शैलीमा देखाइएको छ । पारिवारिक सम्बन्धमा आउने उतार चढावलाई पनि फिल्मले प्रस्तुत गर्ने ट्रेलरले संकेत गर्छ ।

यस फिल्ममा दयाहाङ राई, सौगात मल्ल, पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, खड्गबहादुर पुन, अनुषा राईलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । यही फिल्मबाट चर्चित डान्सर टेरिया फौजा मगरले अभिनेत्रीको रूपमा डेब्यू गरेकी छन् । ट्रेलरमा उनको अभिनय सशक्त देखिएको छ ।

अनिल बुढा मगरको निर्देशनमा बनेको यस फिल्मका लगानीकर्ता जनक घर्ती मगर हुन् । यसअघि अनिल र जनकले 'घरज्वाइँ'मा सहकार्य गरेका थिए, जुन व्यावसायिक रूपमा सफल भएको थियो । जीएम मुभिज प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा महेश राईको लेखन, शिशिर बिशंखेको छायांकन तथा लोकेश बज्राचार्यको सम्पादन रहेको छ ।

# 'मालती मंगले'को 'चुड्का भजन' गीत: विजयको मादलको तालमा छमछमी नाचिन् वर्षा

काठमाडौं/गत शुक्रबार बाट प्रदर्शनमा आएको फिल्म 'मालती मंगले'ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेका बेला निर्माताले भजन गीत सार्वजनिक गरेका छन् । 'चुड्का भजन' बोलको गीतमा पुरुषोत्तम ढुंगेलको शब्द रचना रहेको छ भने किरण भुसाल लगायतको स्वर सुन्न सकिन्छ । किरण स्वयंको संगीत निर्देशन रहेको गीतमा परम्परागत चुड्का लयको प्रयोग गरिएको छ ।

गाउँघरमा विशेष पूजाआजापछि साँझको समयमा हुने भजन कीर्तनको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता विजय बराल मादल बजाइरहेका देखिन्छन् भने वर्षा राउत र मेक्सम गौडेल छमछमी नाचेका छन् । गीतमा मानिसको जीवनलाई कर्कलाको पानीसँग तुलना गर्दै लोभमोह त्यागेर बाँच्नुपर्ने भाव समेटिएको छ ।

चर्चित गायक रामकृष्ण ढकालले निर्माण गरेको यस फिल्मले बक्स अफिसमा अपेक्षाअनुसार व्यापार गर्न नसके पनि दर्शकबाट प्राप्त प्रतिक्रिया उत्साहजनक देखिन्छ । दर्शकहरूले 'नेपालीपन बोकेको फिल्म' भन्दै प्रशंसा गरिरहेका छन् । फिल्मबाट सबैभन्दा बढी वाहवाही वर्षा राउतको भइरहेको छ । उनको अभिनयलाई दर्शक र समीक्षकले अहिलेसम्मकै उत्कृष्ट भनेका छन् ।

प्रकु पाण्डेयको निर्देशनमा बनेको यस फिल्ममा विजय, वर्षा र मेक्समसहित प्रकाश घिमिरे, सरिता गिरी, नरिन थापा, मान्सु सापकोटा, सुस्मा निरौला, सुनिल तामाङलगायतका कलाकारहरूको अभिनय रहेको छ । सागर ज्ञवाली कार्यकारी निर्माताका रूपमा छन् । फिल्मले एक दम्पतीको सम्बन्धमा आउने उतारचढावको कथा पेस गरेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८
स्वर्गद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर

हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

### खेलकुद र शिक्षामा उत्कृष्ट पुरस्कृत र सम्मानित गरियो

# ४ नं. वडाको शैक्षिक क्रियाकलाप अनुशरणयोग्य छः सांसद् श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २८ बैशाख/ बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले हेटौंडा उपमहानगरपालिका-४ वडा कार्यालयले भौतिक पूर्वाधार सँगै शिक्षा र खेलकुदक्षेत्रमा गरेको क्रियाकलाप अनुशरणयोग्य रहेको बताएका छन् ।



४ नं. वडा कार्यालयको आयोजनामा र शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा भएको तेस्रो वडा खेलकुद महोत्सव र वडामा कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र शिक्षकलाई पुरस्कृत र सम्मान कार्यक्रममा श्रेष्ठले यस्तो बताएका हुन् । शिक्षाको गुणस्तर सुधार आजको प्रमुखकार्य रहेकोले यस्तो शैक्षिक क्रियाकलापले शिक्षाक्षेत्रमा स्वस्थ प्रतिस्पर्धा सृजना गर्ने, विद्यार्थीको प्रतिभालाई प्रस्फुटित गर्ने र समग्र शैक्षिक विकासमा टेवा पुऱ्याउने उनले बताए ।

कार्यक्रममा तेस्रो खेलकुद महोत्सवमा नगरस्तरीलय फुटलबल प्रतियोगितामा विजयी हुने प्रगति मावि र उपविजेता रस्सल एकेडेमी, क्रिकेटतर्फ विजेता भुटनदेवी मावि, उपविजेता श्रमिक मावि, भलिवलतर्फ विजेता कृष्णआदर्श मावि, उपविजेता ज्योति मावि, बास्केटबलतर्फ विजेता नवोदय शिशुसदन र उपवपजेता कमाने एकेडेमीलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको हो । वडास्तरमा एथलेटिकका विभिन्न विधा, शिक्षकतर्फ ५ 'ए' साईड विजेता नवोदय मावि, उपविजेता ब्रम्हदीक मावि, टग अफ वारका विजेता भुटनदेवी मावि, उपविजेता आधुनिक राष्ट्रिय मावि‌लाई पुरस्कृत गरिएको थियो ।

सम्पूर्ण खेल महोत्सवमा वडा प्रथम हुन सफल भुटनदेवी माविलाई पुरस्कृत गरिएको शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दाहालले जानकारी दिए । कार्यक्रममा वडास्तरीय वादविवाद, कविता, हाजिरीजवाफ, निबन्ध, नेपाली हिज्जे र बक्तृत्वकला प्रतियोगितामा विजेता र उपविजेतालाई पुरस्कृत गरिएको थियो । सबै प्रतियोगितामा करिव १२ सय विद्यार्थीले भाग लिएको र विजेता र उपविजेता पुरस्कृत करिव ३ सय विद्यार्थी रहेको खेलकुद कार्यक्रम संयोजक राजाराम पोखरेलले बताए ।

वडास्तरमा कक्षा ८ को परीक्षामा ४ जिपिए ल्याउने भुटनदेवी माविका ४ जना, बम्हदीक एकेडेमीका ४ जना र नवोदय माविका ३ जना प्रत्येक विद्यार्थीलाई ५ हजार र विषयगत ७ जना शिक्षकलाई १० हजार रुपैयाँ नगद पुरस्कार र प्रमाणपत्रसहित सम्मान र पुरस्कृत गरिएको वडा कार्यालयका सचिव रामप्रसाद गुरागाईंले जानकारी दिए । कार्यक्रममा ४ नं. वडाअध्यक्ष नवीन सिग्देलले विगत वर्षदेखि नै वडा कार्यालयले विद्यार्थी र शिक्षक केन्द्रीत शैक्षिक क्रियाकलाप सञ्चालन गर्दै आएको बताए । उनले शिक्षामा प्रतिफल प्राप्त गर्न लगानी अभिवृद्धि गर्नुपर्ने र सामुदायिक र संस्थागत विद्यालयबीचमा सहकार्य र यस्तो कार्यक्रमको माध्यमद्वारा शिक्षक र विद्यार्थीलाई स्वस्थ्य प्रतिस्पर्धी बनाउनसके शिक्षामा सुधार गर्न सकिने बताए ।

'हामीले केवल सम्मान र पुरस्कृतमात्र गरिरहेका छैनौं शिक्षालाई सबै तहको सरकारले लगानी अभिवृद्धि गर्न अभियान, जागरण र दवाव पनि सृजना गरिरहेका छौं,' सिग्देलले भने । कार्यक्रममा १० नं. वडाअध्यक्ष फूर्वादोर्जे लामा, ११ नं. वडाअध्यक्ष जुना दाहाल, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख बद्री पाठक, वडासदस्य गीता त्रिपाठी, मकवानपुर बहुमुखी क्याम्पसका सहायक क्याम्पसप्रमुख संगम चौलागाई, श्रमिक माविका व्यवस्थापन समिति अध्यक्ष विवेक कार्की, भुटनदेवी माविका प्रअ सूर्यप्रसाद घिमिरे, आधुनिक राष्ट्रिय माविका शिक्षक कृष्णगोपाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

### कृषकका समस्या तत्काल समाधान गर्न कृषि मन्त्रालयलाई समितिको निर्देशन

# सभामुख रिक्तताको विषयमा चासो व्यक्त

साझाकुरा संवाददाता

हेटौंडा, २८ बैशाख/ कृषिमल अभाव र सभामुख रिक्तताको विषयमा बागमती प्रदेशसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले चासो व्यक्त गरेको छ ।

प्रदेशभर कृषकले भोगिरहेका गुणस्तरीय बीउबिजन तथा रासायनिक मलको अभाव, वितरण व्यवस्थाको कमजोरी, कृत्रिमअभाव, कालोबजारी र समयमा आपूर्ति नहुँदा कृषिउत्पादनमै प्रत्यक्ष असर परेको विषयप्रति गम्भीर ध्यानाकर्षण भएको समितिले जनाएको छ । प्रदेशसभा सचिवालयमा बसेको बैठकले कृषकका समस्यालाई तत्काल समाधान गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई प्रभावकारी कदम चाल्न निर्देशन दिने निर्णय गरेको समितिका सचिव प्रकाश चापागाईंले जानकारी दिएका छन् ।

समितिले विशेषगरी अहिले रोपाइँ तथा बाली लगाउने मुख्य समय भएकाले कृषक मल र बीउको अभावका कारण समस्यामा परेको उल्लेख गरेको छ । समयमा आवश्यक कृषिसामग्री उपलब्ध हुन नसक्दा खेतीप्रणाली नै प्रभावित हुने, उत्पादन घट्ने र त्यसले समग्र खाद्यसुरक्षामाथि असर पार्ने अवस्था देखिएको समितिको ठहर छ । कृषिउत्पादन राष्ट्रिय अर्थतन्त्रको आधारस्तम्भका रुपमा रहेको भन्दै समितिले कृषकलाई सहज र समयमै सेवा उपलब्ध गराउन सरकार गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याएको छ ।

समितिले विशेषगरी दुर्गम तथा कृषिमा निर्भर क्षेत्रलाई उच्च प्राथमिकतामा राखी मल तथा बीउको सहज पहुँच सुनिश्चित गर्न सरकारलाई सुझाव दिएको छ । हालसम्म मन्त्रालयले अवलम्बन गरेका प्रयास, वितरण व्यवस्थापनको अवस्था तथा आगामी दिनमा थप प्रभावकारी बनाउन चालिएका योजनाबारे समितिलाई विस्तृत जानकारी गराउन पनि निर्देशन दिने निर्णय गरिएको छ । समितिले कृषकको समस्यालाई सामान्य प्रशासनिक विषयकारुपमा नभई खाद्यसुरक्षा, कृषि उत्पादन र ग्रामीण अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषयकारुपमा लिएको जनाएको छ ।

कृषकले प्रत्येक वर्ष खेतीपातीको समयमा मल अभाव झेल्नुपरेको, बिचौलियाको प्रभाव बढेको तथा बजारमा कृत्रिम अभाव सिर्जना हुने अवस्थाले कृषिक्षेत्र थप संकटग्रस्त बन्दै गएको समितिको निष्कर्ष छ । सभामुख पद लामो समयदेखि रिक्त रहनु प्रदेशसभाको संस्थागत गरिमा र संसदीय अभ्यासका दृष्टिले गम्भीर विषय समितिले ठहर गरेको छ । रिक्त रहेको सभामुखको विषयमा मुख्यमन्त्री, उपसभामुख तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै संसदीय दलका नेतालाई गम्भीर ध्यानाकर्षण गराउने निर्णय गरेको सचिव चापागाईले बताए ।

असोज १ गतेदेखि सभामुख पदरिक्त रहँदा प्रदेशसभाको नेतृत्वविहीन अवस्था लम्बिँदै गएको र त्यसले संसदीय मूल्य, मान्यता, नैतिकता तथा लोकतान्त्रिक उत्तरदायित्वमाथि प्रश्न उठाएको समितिको भनाइ छ । समितिले संसद जनताको सार्वभौम अभिव्यक्तिको प्रमुख थलो भएकाले त्यसको नेतृत्व लामो समयसम्म रिक्त रहनु केवल प्रक्रियागत विषय नभई शासनप्रणालीको विश्वसनीयता र जनविश्वाससँग प्रत्यक्ष जोडिएको विषय भएको उल्लेख गरेको छ ।

## थाहामा मानवअधिकार सचेतना कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २८ बैशाख/ मकवानपुरको थाहा नगरपालिकामा मानवअधिकार सचेतना कार्यक्रम भएको छ । नेपाल मानवअधिकार संगठन मकवानपुरको आयोजना तथा बागमती प्रदेश सामाजिक विकास कार्यालयको सहयोगमा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाल मानवअधिकार संगठन मकवानपुरकी अध्यक्ष शर्मिला श्रेष्ठले कार्यक्रमको उद्देश्यबारे जानकारी गराएकी थिइन् । श्रेष्ठकै सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिका उपप्रमुख भरत गोपाली प्रमुखअतिथि रहेका थिए । प्रमुखअतिथि गोपालीले मानवअधिकारसँगै कर्तव्य र नैतिकतालाई पनि समान महत्व दिनुपर्ने बताए । उनले अधिकारका नाममा जिम्मेवारी बिर्सन नहुने उल्लेख गर्दै सकारात्मक सोच र असल कार्यमार्फत समाज परिवर्तन सम्भव हुने धारणा राखे ।

कार्यक्रममा मानव अधिकारकर्मी कुमारी वाइबाले मानव अधिकार, नागरिकअधिकार, अधिकारका आधारभूत पक्ष तथा मानवकर्तव्यबारे प्रस्तुतीकरण दिएकी थिइन् । अधिवक्ता पम्फा पुरीले मानवअधिकारसम्बन्धी कानुनी प्रक्रिया, मानवअधिकार हनन, पीडित-पीडकको परिभाषा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सार्वजनिक अपराध तथा कानुनी व्यवस्थाबारे जानकारी दिइन् । उनले पछिल्लो समय बालविवाह गरेका २३ देखि २८ वर्ष उमेर समूहका दम्पती सम्बन्ध विच्छेदका लागि बढी आउने गरेको उल्लेख गरिन् । थाहा नगर स्थित इलाका प्रहरी प्रमुख प्रहरी निरीक्षक रुक्सा बज्राचार्यले साइबर अपराधसम्बन्धी प्रस्तुतीकरण दिँदै सामाजिक सञ्जालमार्फत् हुने अपराधका घटना बढ्दै गएको बताइन् ।

उनले अनलाइन स्क्याम, लक्की ड्र तथा डिजिटल दुर्व्यसनका कारण पुरुष बढी पीडित हुने गरेको जानकारी दिँदै साइबर अपराधबाट बच्ने उपाय र कानुनी प्रावधानबारे प्रकाश पारिन् । मकवानपुर रिकभरिङ सेन्टरका अशेष थापाले लागूऔषध दुर्व्यसनसम्बन्धी प्रस्तुतीकरण दिँदै लागूऔषध प्रयोगका लक्षण, दुर्व्यसनका असरबारे जानकारी दिएका थिए ।

# मध्यपृतनापति ट्रफी ७ नम्बर वाहिनी चनवनलाई

साझाकुरा संवाददाता

हेटौंडा, २८ बैशाख/ मध्यपृतना मुख्यालय, हेटौंडाको आयोजनामा सञ्चालित 'मध्यपृतनापति ट्रफी-२०८३' को उपाधि नम्बर ७ वाहिनी अड्डा चनवनले जितेको छ ।

वैशाख १४ गतेदेखि सुरु भएको प्रतियोगिताअन्तर्गतका विभिन्न खेलमा उत्कृष्ट प्रदर्शन गर्दै मकवानपुरको चनवनस्थित ७ नम्बर वाहिनी प्रथम बन्न सफल भएको हो । यो वाहिनीले ३८ स्वर्ण, ४२ रजत र ५५ कास्य गरी कुल १३५ पदक जित्दै च्याम्पियन बनेको हो । ७ नम्बर वाहिनीअन्तर्गतको गोरख बहादुर गणले भलिबल, बक्सिङ, एथ्लेटिक्स, जुडो र फुटबलमा विजेता बन्दै २९ स्वर्ण, १७ रजत र २५ कास्यपदक हात पारेको छ । नयाँ सबुज गणले ७ स्वर्ण, २१ रजत र २३ कास्य जितेको छ भने तेक्वान्डोमा विजेता बनेको नयाँ गोरख गणले २ स्वर्ण, ४ रजत र ७ कास्यपदक प्राप्त गरेको छ ।

प्रतियोगितामा दोस्रो स्थानमा रहेको नम्बर ६ वाहिनी अड्डाले ३४ स्वर्ण, ४० रजत र ५५ कास्य गरी कुल १२९ पदक जितेको छ । स्विमिङ र बास्केटबलको विजेता ६ नम्बर वाहिनी अन्तर्गतको शेरगणले २६ स्वर्ण, २३ रजत र ३० कास्य पदक जितेको छ । श्रीनाथ गणले ३ स्वर्ण, ९ रजत र १० कास्य तथा भैरव गणले ५ स्वर्ण, ८ रजत र १५ कास्यपदक हात पारेका छन् । प्रतियोगितामा विजयी वाहिनी, गण, खेलाडी तथा निर्णायकलाई मध्यपृतना हेटौंडाका पृतनापति विष्णुकुमार खड्का, प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, बागमती प्रदेश प्रहरीप्रमुख प्रहरी नायवमहानिरीक्षक दीपक रेग्मी, सशस्त्र प्रहरी बल नम्बर ३ गढीमाई मुख्यालयका प्रमुख सशस्त्र प्रहरी नायवमहानिरीक्षक अञ्जनीकुमार पोखरेल तथा राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक सञ्जयकुमार यादवलगायतले ट्रफी तथा मेडल पुरस्कार वितरण गरेका थिए ।

पृतनापति ट्रफीअन्तर्गत भलिबल, फुटबल, बास्केटबल, स्विमिङ, तेक्वान्डो, जुडो, बक्सिङ र एथ्लेटिक्स गरी ८ विधामा प्रतिस्पर्धा गराइएको थियो । विभिन्न खेलका प्रतिस्पर्धा सम्बन्धित गण तथा वाहिनीमा सञ्चालन गरिएको थियो । समापनका अवसरमा सोमबार सुपारेटार ब्यारेकको खेलमैदानमा फुटबलको फाइनल खेल आयोजना गरिएको थियो ।

खेलमा ७ नम्बर वाहिनी अन्तर्गतको गोरखबहादुर गणले ६ नम्बर वाहिनीको शेर गणलाई ३-० गोलअन्तरले पराजित गर्दै उपाधि जितेको हो । प्रतियोगितामा ६ नम्बर बाहिनी र ७ नम्बर बाहिनी अड्डाअन्तर्गतका विभिन्न युनिटका एक सय महिला सहित ५ सय ५० जना खेलाडी सहभागी थिए ।


## सहकारी संस्थाहरुको संयुक्त साधारणसभासम्बन्धी

**सूचना । सूचना ।। सूचना ।।।**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**


एकिकरण गरिने संस्था:

☞ श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने:
**मिति** : २०८३/२/२३ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे

*(**नोटः** सँस्था एकीकरण गर्ने सँयुक्त साधारण सभा मिति २०८३/२/२ गते गर्ने भन्ने निर्णय भएकोमा नगर पालिकाको कार्यबिधि अनुसार निर्धारित मितिमा गर्न नमिल्ने भएकोले सो सभा नगरपालिकाको कार्यविधि अनुसार मिति २०८३/२/२३ गते शनिवार पुर्व निर्धारित समय र स्थानमा गर्नको लागि सम्पूर्ण सञ्चालक समिति, लेखासमिति, सल्लाहकार सबैमा निर्णयार्थ प्रस्तावित गर्दछु ।)*

# आकर्षक घडेरी बिक्रीमा




हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि

**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरु पनि देखा पर्न सक्छ ।

**अन्य लक्षणहरु:**

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरु दुख्ने.
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।

डेंगु संक्रमणबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि साबधानी अपनाउनुहोस् ।

- सुत्दा झुलको प्रयोग गर्नुहोस्
- लामखुट्टेको टोकाईबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्नुहोस्
- पुरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउनुहोस्
- ट्याङ्की र कुलरहरु हप्तामा एकचोटी सफा गर्नुहोस्
- वरपर पानी जम्न नदिनुहोस्
- डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्था जानुहोस्

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
हेटौंडा, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना